# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वेंहाकोटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२-०८३
चलानी न.:

मितिः २०८२-१०-०८

सुचना नं.:- ५०

## सूचना ! सूचना !! सूचना !!!

### स्थानिय कच्चा पदार्थ र सिपमा आधारित लघु उद्यम प्रवर्द्धन कार्यक्रमका सम्बन्धमा।

प्रस्तुत विषयमा यस विहादी गाउँपालिकाले स्थानीय कच्चा पदार्थको सदुपयोग गर्दै उत्पादनमा जोड दिनुका साथै स्थानीयबासीलाई व्यावसायिक रूपमा आत्मनिर्भर, उद्यमशील र रोजगारीमुखी बनाउने उद्देश्यले प्रविधि हस्तान्तरण, सीप विकास र बजारसँग जोडिने स्थानिय कच्चा पदार्थ र सिपमा आधारित लघु उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा निम्न लघु उद्यम कार्यक्रम सम्बन्धी तालिममा सहभागी हुन १८ देखी ४५ बर्षसम्मका इच्छुक व्यक्तिहरूबाट मिति २०८२/१०/२३ सम्म सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा उपस्थित भई आवेदन दिनुहुन स्थानियबासीमा अनुरोध छ ।

**कार्यक्रम विवरणः**

| क्र.स. | तालिम / उद्यमको नाम | सहभागी | कैफियत |
|---|---|---|---|
| १. | अगरबत्ती, टुथपिक तथा मैनबत्ती उत्पादन सम्बन्धी तालिम | ३० जना | महिला, पुरुष |
| २. | हर्बल साबुन उत्पादन सम्बन्धी तालिम | ३० जना | महिला, पुरुष |
| ३. | बाँसको प्रशोधन (ट्रिटमेन्ट) गरी सामाग्रीहरु उत्पादन गर्ने सम्बन्धी तालिम | २० जना | पुरुष |

यस कार्यक्रममार्फत स्थानीय स्रोतसाधनमा आधारित अगरबत्ती, सलाइ, टुथपिक, मैनबत्ती, हर्बल साबुन तथा बाँस प्रशोधन जस्ता उत्पादन प्रविधिको व्यावहारिक अभ्यासबाट तथा उद्यम सञ्चालनका लागि आवश्यक व्यवसायिक सीप, गुणस्तर मापदण्ड, लागत–लाभ विश्लेषण र बजार पहुँच सम्बन्धी ज्ञान प्रदान गरिनेछ । तालिमपश्चात परिक्षार्थीले स्थानीय स्रोतसाधनको उपयोग गरी उत्पादन गर्ने र लेबलिङ, ब्रान्डिङ, प्याकेजिङ तथा बजारिकरणसँग जोड्दै स्थानीय उत्पादनको पहिचान स्थापित गर्ने लक्ष्य यस कार्यक्रमले लिइएको छ । साथै, इच्छुक तथा प्रतिबद्ध सहभागीलाई सहकारी, समूह वा व्यक्तिगत उद्यम मोडेलमार्फत व्यवसाय सञ्चालनतर्फ प्रेरित र सहजीकरण गरिनेछ।

**अतः** स्थानीय कच्चा पदार्थ र सीपलाई आधार बनाई आफ्नै गाउँमा रोजगारी/ स्वरोजगारी सिर्जना गर्न चाहने सम्पूर्ण इच्छुक स्थानीयबासीलाई यस कार्यक्रममा सहभागी भई यस अवसरको अधिकतम सदुपयोग गर्न विहादी गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत